# हार्दिक शुभकामना

नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपाल औपचारिक प्रसारणको ७५ औं वर्षमा प्रवेश गरेको छ । २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना भएलगत्तै २००७ साल चैत २० गते रेडियो नेपालको स्थापना भयो । यद्यपि यसको बोजारोपण त्यस अघि नै भइसकेको थियो । निरङकुश जहानियाँ राणाशासन विरोधी आन्दोलनको क्रममा मुक्ति सेनाले प्रसारण गरेको प्रजातन्त्र नेपाल रेडियोको आवाज नेपालमा रेडियो प्रसारणको इतिहासको पहिलो तरङग मान्न सकिन्छ । औपचारिक प्रसारणको रूपमा भने रेडियो नेपाल नै पहिलो हो । यस अर्थमा नेपालमा रेडियो प्रसारणको इतिहास रेडियो नेपालबाटै प्रारम्भ हुन्छ । रेडियो मात्र नभएर नेपालमा प्रसारण पत्रकारिताको इतिहासको प्रारम्भ विन्दु पनि यही हो ।

प्रजातन्त्रको पहिलो बिहानीसँगै कोरिएको रेडियो नेपालको नयाँ इतिहास आज हीरक महोत्सवको क्षणमा प्रवेश गरेको छ । हीरक महोत्सव समयको गणना मात्र होइन, यसको गौरवपूर्ण इतिहासको अभिलेख पनि हो । इतिहासका विभिन्न कालखण्डको जोवित साक्षीको रूपमा रहेको रेडियो नेपालले यहाँसम्म आइपुग्दा अनेक आरोह–अवरोह पार गरेको छ । कहिले प्रशंसा त कहिले आलोचना व्यहोरेको छ । प्रतिक्रिया जस्तो रहे पनि यसले गरेको योगदान विशिष्ट छ । त्यो विशिष्टता सञ्चार माध्यमको हैसियतमा प्रसारण गर्ने सूचना र शिक्षामा मात्र सीमित छैन । गीत सङगीतको विकासमा यसले गरेको योगदान उत्तिकै अनुपम छ । नेपालको मौलिक कला, संस्कृतिको संरक्षण र संवर्द्धनमा यसले गरेको योगदन उसैगरी स्मरणीय रहेको छ । सिङगो नेपाल र सम्पूर्ण नेपालीलाई एकसाथ जोडन रेडियो नेपालले निरन्तररूपमा पुऱ्याएको योगदान पनि उत्तिकै विशिष्ट छ ।

रेडियो नेपालको स्थापना र विकासलाई नेपालको राजनीतिक विकासक्रम जस्तै विभिन्न कालखण्डमा हेर्न सकिन्छ । प्रजातन्त्रको उज्यालोमा यसको अनुहार उज्यालो लाग्न सक्दछ भने यसका आवाजहरू पनि स्वतन्त्र महसुस हुन्छन । व्यवस्था अन्धकारमय रहेको बेला यसको अनुहार पनि उस्तै देखिन सक्दछ र विषयवस्तुमा पनि त्यसको छाया महसुस हुन सक्दछ । यद्यपि आज समय फेरिएको छ । प्रविधिमा बदलाव आएको छ । सञ्चालनको स्वरूप परिवर्तन भएको छ । नीतिगत व्यवस्था र कानुनी आधार पनि नयाँ बनेको छ । रेडियो नेपाल अब नेपाल टेलिभिजनसँगै सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएको छ । अब यो साच्चिकै राष्ट्रिय प्रसारण भएको छ । नागरिक केन्द्रित बनेको छ ।

समावेशी आवाज बनेको रेडियो नेपालबाट २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रमसहित सातै दिन चौबिसै घण्टा प्रसारण हुँदै आएको छ । विविधता र बहुलतालाई आत्मसात गर्दै सार्वजनिक सेवा प्रसारण

नेपालका तीन प्राथमिकता राष्ट्रिय एकता, विपत व्यवस्थापन र समृद्धिमा केन्द्रित भएर विषयवस्तु र प्रस्तुतिलाई नयाँ स्वरूपमा अझ गुणस्तरीय बनाउने प्रयासका साथ अघि बढेको छ । केन्द्रीय प्रसारणसँगै सातै प्रदेशबाट प्रादेशिक प्रसारण एवम देशैभर फैलिएका विभिन्न प्रसारण केन्द्रमार्फत मिडियम वेभ तथा एफएम माध्यमबाट ९४ प्रतिशत जनसङख्यामा प्रसारण पहुँच राख्ने रेडियो नेपाल डिजिटल प्लेटफर्ममार्फत पनि श्रोताबिच निरन्तर पुगिरहेको छ । सार्वजनिक सेवा प्रसारणको मान्यता अनुरूप भावी दिनमा यसको प्रविधि, पहुँच, विषयवस्तु र माध्यमलाई अझ गुणस्तरीय र व्यापक बनाउन रेडियो नेपाल कृतसङकल्पित छ ।

रेडियो नेपालले विगतदेखि वार्षिकोत्सवको अवसर पारेर प्रकाशन गर्दै आएको 'झङकार' यो वर्ष पनि प्रकाशनमा आएको छ । यो वर्षको 'झङकार' विगतको निरन्तरता मात्र नभई नयाँ यात्राको जानकारी पनि हो । इतिहासको अभिलेखन र भविष्यको मार्गदर्शनका रूपमा 'झङकार' ले पाठकहरुबिच न्याय गर्ने छ भन्ने मेरो विश्वास छ । यसमा शुभकामना प्रदान गर्ने सम्मानित व्यक्तित्व र आलेख प्रदान गर्ने सबै महानुभाव एवम विविध कोणबाट योगदान गर्ने सबै सबैमा हार्दिक आभार तथा धन्यवाद छ । साथै, 'झङकार', रेडियो नेपाल र समग्र सार्वजनिक सेवा प्रसारणप्रति यहाँहरूको अमूल्य सल्लाह, सुझाव, पृष्ठपोषण र मार्गदर्शनका लागि हार्दिक अपिल गर्दछु ।

हीरक महोत्सवको अवसरमा हार्दिक शुभकामना !

१४ चैत, २०८१

डा. महेन्द्र विष्ट
कार्यकारी अध्यक्ष
सार्वजनिक सेवा प्रसारण नेपाल